अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

धनुषाधाम नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ०८ संख्याः ०१ मितिः २०८१/०७/२६

## भाग-२

## धनुषाधाम नगरपालिका

धनुषाधाम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय साथै यस मातहातका सम्पूर्ण कार्यालयमा कार्यरत कर्मचारीहरु र कार्यालयको प्रभावकारी व्यवस्थापन मार्फत सेवा प्रवाहलाई सुदृढ एवम् प्रभावकारी बनाउन तथा स्थानीय सेवालाई सक्षम, सेवामूलक, सुशासनमुखी, उत्तरदायी, सहभागीतामूलक र व्यावसायिक बनाउँदै स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा तत्काल कानूनी व्यवस्था गरी धनुषाधाम नगरपालिकामा कार्यरत कर्मचारीहरुको तह वृद्धि/स्तर वृद्धि गर्न वाञ्छनीय भएकोले, मधेश प्रदेश सरकारबाट जारी भएको "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१" को दफा १५५ ले दिएको अधिकार प्रयोग गरी धनुषाधाम नगरपालिका नगर कार्यपालिकाको कार्यालयले स्वीकृत गरी यो कार्यविधि जारी गरेको छ।

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

## धनुषाधाम नगरपालिका, धनुषाको

## स्थानीय सेवाका कर्मचारीहरुको तह वृद्धि/स्तर वृद्धि सम्बन्धि कार्यविधि २०८१

**प्रस्तावनाः** धनुषाधाम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय साथै यस मातहातका सम्पूर्ण कार्यालयमा कार्यरत कर्मचारीहरु र कार्यालयको प्रभावकारी व्यवस्थापन मार्फत सेवा प्रवाहलाई सुदृढ एवम् प्रभावकारी बनाउन तथा स्थानीय सेवालाई सक्षम, सेवामूलक, सुशासनमुखी, उत्तरदायी, सहभागीतामूलक र व्यावसायिक बनाउँदै स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा तत्काल कानूनी व्यवस्था गरी धनुषाधाम नगरपालिकामा कार्यरत कर्मचारीहरुको तह वृद्धि/स्तर वृद्धि गर्न वाञ्छनीय भएकोले, मधेश प्रदेश सरकारबाट जारी भएको "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१" को दफा १५५ ले दिएको अधिकार प्रयोग गरी धनुषाधाम नगरपालिका नगर कार्यपालिकाको कार्यालयले स्वीकृत गरी यो कार्यविधि जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"स्थानीय सेवाका कर्मचारी तह वृद्धि/स्तर वृद्धि सम्बन्धी कार्यविधि २०८१"** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(१) "ऐन" भन्नाले मधेश प्रदेश सभाबाट पारित भई प्रदेश राजपत्रमा प्रकाशित भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ सम्झनु पर्दछ।

(२) "प्रदेश" भन्नाले मधेश प्रदेश सम्झनु पर्दछ।

(३) "कार्यालय" भन्नाले धनुषाधाम नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पदर्छ।

(४) "नगरपालिका" भन्नाले धनुषाधाम नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(५) "कार्यपालिका" भन्नाले धनुषाधाम नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(६) "कार्यपालिका सदस्य" भन्नाले धनुषाधाम नगर कार्यपालिकाको सदस्य सम्झनुपर्दछ र सो शब्दले कार्यपिलिकाको प्रमुख, उप-प्रमुख तथा वडा अध्यक्ष समेतलाई सम्झनुपर्छ ।

(७) "अख्तियारवाला" भन्नाले ऐनको दफा १५ बमोजिम स्थानीय सेवामा नियुक्ति, पदस्दथापन, तह वृद्धि/स्तर वृद्धि र अवकाशको निर्णय गर्ने अधिकारी सम्झनुपर्छ।

(८) "प्रमुख" भन्नाले धनुषाधाम नरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ।

(९) "उप-प्रमुख" भन्नाले धनुषाधाम नगरपालिकाको उप-प्रमुखलाई सम्झनुपर्छ।

नगर कार्यपालिकाको निर्णय बमोजिम प्रमाणिकरण गरिएको छ।
प्रमाणिकरण मिति : २०८१/८/२६

बालेश्वर मण्डल
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

(१०) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले धनुषाधाम नगरपालिका नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(११) "कर्मचारी" भन्नाले संङ्घीय तथा प्रदेश सरकारबाट धनुषाधाम नगरपालिकामा खटी आएका, स्थानीय सरकारी सेवाको पदमा वहाल रहेको स्थायी, अस्थायी कर्मचारी सम्झनु पर्छ र सो सब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन र नियुक्ति भएका कर्मचारीहरुलाई समेत जनाउँछ।

(१२) "तह वृद्धि/स्तर वृद्धि" भन्नाले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४ र २९ बमोजिम गरिने तह वृद्धि/स्तर वृद्धिलाई सम्झनुपर्छ।

(१३) "तह मिलान" भन्नाले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ८ को उपदफा २२ बमोजिम नियुक्ति मिति देखि लागु हुने गरी गरिने वा गरिएको तह मिलानलाई सम्मझनु पर्दछ।

(१४) "प्रदेश लोक सेवा आयोग" भन्नाले मधेश प्रदेशको प्रदेश लोकसेवा आयोगलाई सम्झनु पर्दछ।

(१५) "वडा अध्यक्ष" भन्नाले धनुषाधाम नगरपालिकाको वडा अध्यक्षलाई सम्झनु पर्दछ।

(१६) "सभा" भन्नाले धनुषाधाम नगरपालिकाको नगरसभालाई सम्झनुपर्दछ।

(१७) "तह वृद्धि सिफारिस समिति" भन्नाले यो कार्यविधिको दफा ५ बमोजिम गठित सिफारिस समितिलाई सम्झनु पर्दछ।

(१८) "मन्त्रालय" भन्नाले मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई सम्झनु पर्दछ।

(१९) "स्थानीय सेवा" भन्नाले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३ बमोजिम स्थानीय तहमा रहने स्थानीय सरकारी सेवा सम्झनु पर्दछ।

(२०) "समायोजन ऐन" भन्नाले कर्मचारी समायोजन ऐन २०७५ सम्झनु पर्दछ।

(२१) "किताबखाना" भन्नाले मधेश प्रदेश निजामति किताबखाना सम्झनु पर्दछ।

(२२) "राष्ट्रिय किताबखाना" भन्नाले राष्ट्रिय किताबखाना (निजामति) हरिहरभवन सम्झनु पर्दछ।

**३. तह वृद्धि/स्तर वृद्धि सम्बन्धी व्यवस्था:** ऐनको दफा २९ र ऐन को दफा ४ को उपदफा ६ बमोजिम स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तह वृद्धि/स्तर वृद्धि गरिनेछ।

**४. नियुक्ति तथा पदस्थापनः** (१) प्रदेश लोक सेवा आयोबाट नियुक्तिको सिफारिस लिई कार्यालयमा आएको कर्मचारीलाई अख्तियारवालाले नियुक्ति पदस्थापन तथा अवकाशको निर्णय गर्नेछ। साथै ऐन २०८१ बमोजिम तह वृद्धि/स्तर वृद्धि हुने वा भएको कर्मचारीहरुको अख्तियारवालाले पदस्थापन तथा अवकाशको निर्णय गर्नेछ।

बालेश्वर मण्डल
नगर प्रमुख

सजित प्रसाद दास
नि. प्रमुख प्रशासकीय अधिकृत

५. **सूचना प्रकाशन गर्ने:** (१) कार्यविधिको अनुसूची-१ बमोजिम धनुषाधाम नगरपालिका नगर कार्यपालिकाको कार्यालयको स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्धि/स्तर वृद्धि मिलानको लागि आवेदन पेश गर्न प्रत्येक वर्षको जेष्ठ र मंसिर महिनामा कम्तिमा ३० दिनको म्याद दिई दरखास्त आह्वान गरिनेछ।

(२) उपदफा १ बमोजिम प्रकाशित सूचना कार्यालयको वेवसाईट र सूचना पाटीमा प्रकाशन गरिनेछ।

६. **तह वृद्धि/स्तर वृद्धि सिफारिस समितिः** (१) ऐन को दफा २९ बमोजिम धनुषाधाम नगरपालिकामा कार्यरत स्थानीय सेवाका स्थायी कर्मचारीहरुको तह वृद्धि/स्तर वृद्धि गर्न ऐनको दफा २९ को उपदफा ५ तपसिल बमोजिमको तह वृद्धि/स्तर वृद्धि सिफारिस समिति रहनेछ।

| | | |
|---|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत | - | संयोजक |
| ख) नगर कार्यपालिकाले तोकेको अधिकृत स्तर को कर्मचारी १ जना | - | सदस्य |
| ग) कर्मचारी प्रशासन शाखाको प्रमुख वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी १ जना | - | सदस्य |

(२) तर नगरपालिकामा स्थानीय सेवाको कर्मचारी नै आर्थिक अधिकार सहितको नि.प्र.प्र.अ. को रुपमा कार्यरत रहेमा र उक्त कर्मचारीको समेत तह वृद्धि गर्नु पर्ने वा हुने अवस्था भएमा यस धनुषा जिल्ला भित्रका कुनै नगरपालिकाको प्र.प्र.अ. वा समन्वय समितिको जिल्ला समन्वय अधिकारीलाई सहमतिमा धनुषाधाम नगर कार्यपालिकाले निर्णय गरि उपदफा १ को समितिको अध्यक्ष/संयोजकको रुपमा चयन गर्नु पर्ने छ।

(३) उपदफा (२) बमोजिमको समितिको बैठकमा तह वृद्धि/स्तर वृद्धि हुने बाहेक तथा मन्त्रालयका कर्मचारीहरुलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सक्नेछ।

(४) समितिको सचिवालयको काम कार्यालयको कर्मचारी प्रशासन शाखाले गर्नेछ।

(५) समितिको बैठक सञ्चालन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(६) समितिका पदाधिकारीहरुले नगरपालिकामा गठित अन्य समितिका सदस्यहरुले पाए सरहको बैठक भत्ता पाउनेछन्।

७. **समितिको काम, कर्तव्य र अधिकारः** (१) तह वृद्धि/स्तर वृद्धि सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) तह वृद्धि/स्तर वृद्धि प्रयोजनको लागि कार्यालयबाट सूचना प्रकाशन गर्ने तर सूचना प्रकाशित भैसकेको भए सूचना बमोजिम पेश हुन आएका आवेदहरुको कागजातहरुको अध्ययन तथा विश्लेषण गर्ने।

(ख) ऐनको दफा २९ बमोजिम योग्यता पुगेका कर्मचारीको तह वृद्धि/स्तर वृद्धिका लागि निर्णय गर्ने।

(ग) तह वृद्धि/स्तर वृद्धि हुने कर्मचारीहरुको नामावली सहित सिफारिस गर्ने।

नगर कार्यपालिकाको प्रमाणिकरण गरिएको छ।
प्रमाणिकरण मिति: २०७९/६/२६

रंजित प्रसाद दास
नि. प्रमुख प्रशासकीय अधिकृत

कालेश्वर मण्डल
नगर प्रमुख

८. **दरखास्त दिनुपर्नेः** (१) यस कार्यविधिको दफा ४ बमोजिम प्रकाशित सूचनाको म्याद भित्र तह वृद्धि/स्तर वृद्धिका लागि इच्छुक सम्भाव्य उम्मेद्वारले अनुसूची – १ बमोजिमको ढाँचामा तह वृद्धि/स्तर वृद्धि सिफारिस समिति समक्ष देहायका प्रमाण संलग्न राखी दरखास्त दुन पर्नेछः-

(क) अनुसूची – २ बमोजिमको निवेदन,

(ख) शुरु नियुक्ति सम्बन्धी कागजात,

(ग) बढुवा भएको भए सो सम्बन्धी कागजात,

(घ) सेवा अवधी प्रमाणित भएको कागजात,

(ङ) समायोजन भएको भए सो सम्बन्धी कागजात,

(च) सेवाकालीन तालिम लिएको भए सो को कागजात,

(छ) भौगोलिक क्षेत्रमा सेवा गरेको भए सो को कागजात,

(ज) पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्यङ्कन फारमको सक्कल प्रति,

(झ) सेवा समूहसँग सम्बन्धित न्यूनतम शैक्षिक योग्यताको प्रविता प्रमाणपत्र, लब्धाङ्ग प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको उम्मेदवार स्वयमले प्रमाणित गरेको प्रति,

(ञ) सेवा निरन्तर रहेको, विभागिय कार्यवाहीमा नपरेको, असाधारण विदामा नबसेको,

(ट) समितिले तोके बमोजिमका अन्य कागजात।

९. **आवश्यक न्युनतम योग्यता र सेवा अवधिः** (१) यस कार्यविधि बमोजिम तह/स्तर वृद्धि हुन दरखास्त दिने कर्मचारीले आवश्यक न्यूनतम शैक्षिक योग्यता र सेवा अवधि ऐनको दफा २९ को उपदफा १ र २ बमोजिम पुरा गरेको हुनु पर्नेछ।

१०. **जाँझबुझ सम्बन्धी व्यवस्थाः** (१) दफा ७ बमोजिम दर्ता भएका दरखास्त तथा कागजातह प्रमाणपत्रहरु दफा ४ बमोजिमको समितिले जाँचबुझ गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा कुनै उम्मेदवारको तह वृद्धि/स्तर वृद्धिका लागि आवश्यक पर्ने आधारभूत कागजात वा प्रमाण नपुगेको देखिएमा बढिमा ३ (तीन) दिनको समय दिई छुटेका कागजात वा प्रमाण पेश गर्न समय दिनु पर्नेछ। तर, उम्मेदवारले छुटेका कागजात वा प्रमाण पेश गर्दा दरखास्त दर्ता गर्ने अन्तिम मिति भित्र जारी भएका कागजात वा प्रमाण मात्र पेश गर्न सक्नेछ। दरखास्त गर्ने अन्तिम मिति पछि जारी भएका कागजात वा प्रमाणहरुलाई समितिले मान्यता दिनेछैन।

नगर कार्यपालिकाको निर्णय बमोजिम प्रमाणिकरण गरिएको छ। मिति २०७९।६।२६

बालेन्द्र शाह
नगर प्रमुख

सौजित प्रसाद दास
प्रमुख प्रशासकीय अधिकृत

११. **सिफारिस तथा तह वृद्धि/स्तर वृद्धिको पत्र सम्बन्धि व्यवस्था :**(१) दफा ८ बमोजिम कागजातको जाँचबुझ तह वृद्धि/स्तर वृद्धिको सूचना को म्याद सकीएको १५ (पन्ध्र) दिन भित्र पुरा गरी तह वृद्धि/स्तर वृद्धि गर्न योग्यता पुगेका उम्मेदवारहरुलाई समितिले सिफारिस गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सिफारिस गर्दा कर्मचारीले तह वृद्धि/स्तर वृद्धि हुनु पूर्वको पदमा भएको स्थायी वा बढुवाको नियुक्ति अनुसारको शैक्षिक योग्यता, सेवाकालिन तालिमलाई आधार मानी क्रम निर्धारण गरी सिफारिस गर्नुपर्नेछ।

(३) यस कार्यविधि बमोजिम सिफारिस भई तह वृद्धि/स्तर वृद्धि वा बढुवा भएका कर्मचारीहरुलाई सिफारिस समितिको अध्यक्ष/प्र.प्र.अ.ले सिफारिस भएको मितिले ७ दिन भित्र अनुसूचि - ३ बमोजिमको ढाँचामा तह वृद्धि/स्तर वृद्धि सम्बन्धी पत्र दिनुपर्नेछ।

१२. **तह वृद्धि/स्तर वृद्धि लागि सम्भाव्य उम्मेदवार हुन नपाउने वा तह वृद्धि/स्तर वृद्धि रोक्का हुने:** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा दफा ४ बमोजिमको समितिले कर्मचारीलाई तह वृद्धि/स्तर वृद्धिको लागि सिफारिस गर्ने छैनः

(क) निलम्बन भएकोमा निलम्वन भएको अवधिभर,

(ख) तह वृद्धि/स्तर वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि/स्तर वृद्धि वा बढुवा रोक्का अवधिभर,

(ग) तलव वृद्धि रोक्का भएकोमा तलब वृद्धि रोक्का भएको अवधिभर,

(घ) असाधारण विदा वा अध्ययन विदामा बसेकोमा सो विदाको अवधिभर,

(ङ) सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीन वर्षको अवधिभर,

(च) स्थानीय स्वास्थ्य सेवाका कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धि व्यवसायिक परिषद्बाट नाम दर्ता निलम्वन भएको भए त्यस्तो निलम्वनको अविधिभर।

१३. **तह वृद्धि/स्तर वृद्धि सम्बन्धी विशेष व्यवस्था:**(१) ऐनको दफा ४ को उपदफा ६ बमोजिम यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम साविक स्थानीय निकायमा सहायक तेस्रो, चौथो, पाँचौ र अधिकृत स्तर छैठौ, सातौ, आठौ तहका कर्मचारीहरु स्थानीय तहको समान पदमा समायोजन भई ऐन जारी हुँदाको वखत सम्म पाँच वर्ष वा सो भन्दा बढी सेवा अवधी पुरा गरेका कर्मचारीहरुलाई एक पटकका लागि समायोजन हुनु भन्दा पहिलो सम्बन्धित पद देखि नै जेष्ठता कायम हुने गरी अख्तियारवालाले ऐनको दफा २९ बमोजिमको प्रक्रिया पुरा गरि एक तह स्तर वृद्धि गरि दिनेछ।

(२) कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्थाः मधेश प्रदेश बाहिर कामकाजमा खटिएका तर मधेश प्रदेश अन्तर्गत दरवन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तंह/स्तर वृद्धि हुने। एक स्थानीय

नगर कार्यपालिकाको निर्णय बमोजिम प्रमाणिकरण गरिएको छ।
प्रमाणिकरण मिति : २०८१।६।२६

सुजित प्रसाद दास
प्रमुख प्रशासकीय अधिकृत

बालेश्वर मण्डल
नगर प्रमुख

तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरवन्दी/पदाधिकार रहेको कार्यालयमा तह/स्तर वृद्धि गरिनेछ ।

(३) का.स.मु. सम्बन्धी विशेष व्यवस्थाः ऐनको दफा ८ को उपदफा २२ बमोजिम नियुक्ति मिति देखि नै लागु हुने गरी सातौं तहमा तह मिलान भएका वा हुने कर्मचारीहरुको का.स.मु. स्वत नियुक्ति मिति देखि सातौ तहको का.स.मु. मा परिणत/कायम हुनेछ र उक्त परिणत/कायम सातौ तहको का.स.मु. को आधारमा ऐनको दफा २९ बमोजिमको प्रक्रिया पुरा गरि आठौं तहमा तह/स्तर वृद्धि गरिनेछ ।

**१४. सेवा/समूह/उप-समूह तथा पदनाम सम्बन्धी व्यवस्थाः**(१) ऐनको दफा ३ को उपदफा १ बमोजिमका सेवाहरु रहेनछन् ।

(२) ऐनको दफा २९ को उपदफा १ र २ बमोजिम तह वृद्धि गर्दा देहाय बमोजिम गरिनेछः

| | | | | | |
|---|---|---|---|---|---|
| स्थानीय/नेपाल ईन्जिनियरिङ्ग सेवा | **सहायक पाँचौ तह बाट अधिकृत छैठौं तहमा तह वृद्धि हुँदा** | | | | |
| | **सेवा** | **समूह** | **उपसमूह** | **तह** | **पदनाम** |
| | स्थानीय ईन्जिनियरिङ्ग सेवा | पाँचौ तहमा रहेकै कायम हुने | पाँचौ तहमा रहेकै कायम हुने | छैठौं | ईन्जिनियर |
| | **अधिकृत सातौं तह बाट अधिकृत आठौं तहमा तह वृद्धि हुँदा** | | | | |
| | स्थानीय ईन्जिनियरिङ्ग सेवा | सातौं तहमा रहेकै कायम हुने | सातौं तहमा रहेकै कायम हुने | आठौं | ईन्जिनियर |
| | **अधिकृत नवौ तह बाट अधिकृत दशौं तहमा तह वृद्धि हुँदा** | | | | |
| | स्थानीय ईन्जिनियरिङ्ग सेवा | आठौं तहमा रहेकै कायम हुने | आठौं तहमा रहेकै कायम हुने | दशौं | ईन्जिनियर |
| स्थानीय/नेपाल कृषि सेवा | **सहायक पाँचौ तह बाट अधिकृत छैठौं तहमा तह वृद्धि हुँदा** | | | | |
| | **सेवा** | **समूह** | **उपसमूह** | **तह** | **पदनाम** |
| | स्थानीय कृषि सेवा | पाँचौ तहमा रहेकै कायम हुने | पाँचौ तहमा रहेकै कायम हुने | छैठौं | अधिकृत |
| | **अधिकृत सातौं तह बाट अधिकृत आठौं तहमा तह वृद्धि हुँदा** | | | | |
| | स्थानीय कृषि सेवा | सातौं तहमा रहेकै कायम हुने | सातौं तहमा रहेकै कायम हुने | आठौं | अधिकृत |
| | **अधिकृत नवौ तह बाट अधिकृत दशौं तहमा तह वृद्धि हुँदा** | | | | |
| | स्थानीय कृषि सेवा | आठौं तहमा रहेकै कायम हुने | आठौं तहमा रहेकै कायम हुने | दशौं | अधिकृत |

नगर कार्यपालिकाको निर्णय बमोजिम प्रमाणिकरण गरिएको

प्रमाणिकरण मिति: २०८१।८।१६

सुजित प्रसाद दास
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

नगरपालिका
...कार्यालय
धनुषा जिल्ला
...प्रदेश, नेपाल

**स्थानीय/नेपाल प्रशासन सेवा**

| सहायक पाँचौ तह बाट अधिकृत छैठौं तहमा तह वृद्धि हुँदा | | | | |
|---|---|---|---|---|
| **सेवा** | **समूह** | **उपसमूह** | **तह** | **पदनाम** |
| स्थानीय प्रशासन सेवा | पाँचौ तहमा रहेकै कायम हुने | पाँचौ तहमा रहेकै कायम हुने | छैठौं | प्रशासकीय अधिकृत |
| **अधिकृत सातौं तह बाट अधिकृत आठौं तहमा तह वृद्धि हुँदा** | | | | |
| स्थानीय प्रशासन सेवा | सातौं तहमा रहेकै कायम हुने | सातौं तहमा रहेकै कायम हुने | आठौं | प्रशासकीय अधिकृत |
| **अधिकृत नवौ तह बाट अधिकृत दशौं तहमा तह वृद्धि हुँदा** | | | | |
| स्थानीय प्रशासन सेवा | आठौं तहमा रहेकै कायम हुने | आठौं तहमा रहेकै कायम हुने | दशौं | प्रशासकीय अधिकृत |

**नेपाल विविध सेवा**

| सहायक पाँचौ तह बाट अधिकृत छैठौं तहमा तह वृद्धि हुँदा ऐनको दफा ३ को उपदफा ४ बमोजिम | | | | |
|---|---|---|---|---|
| **सेवा** | **समूह** | **उपसमूह** | **तह** | **पदनाम** |
| स्थानीय प्रशासन सेवा | सामान्य प्रशासन | | छैठौं | अधिकृत |
| स्थानीय प्रशासन सेवा | महिला विकास | | छैठौं | अधिकृत |

**स्थानीय/नेपाल वन सेवा**

| सहायक पाँचौ तह बाट अधिकृत छैठौं तहमा तह वृद्धि हुँदा | | | | |
|---|---|---|---|---|
| **सेवा** | **समूह** | **उपसमूह** | **तह** | **पदनाम** |
| स्थानीय वन सेवा | पाँचौ तहमा रहेकै कायम हुने | पाँचौ तहमा रहेकै कायम हुने | छैठौं | अधिकृत |
| **अधिकृत सातौं तह बाट अधिकृत आठौं तहमा तह वृद्धि हुँदा** | | | | |
| स्थानीय वन सेवा | सातौं तहमा रहेकै कायम हुने | सातौं तहमा रहेकै कायम हुने | आठौं | अधिकृत |
| **अधिकृत नवौ तह बाट अधिकृत दशौं तहमा तह वृद्धि हुँदा** | | | | |
| स्थानीय वन सेवा | आठौं तहमा रहेकै कायम हुने | आठौं तहमा रहेकै कायम हुने | दशौं | अधिकृत |

**स्थानीय/नेपाल शिक्षा**

| सहायक पाँचौ तह बाट अधिकृत छैठौं तहमा तह वृद्धि हुँदा | | | | |
|---|---|---|---|---|
| **सेवा** | **समूह** | **उपसमूह** | **तह** | **पदनाम** |

नगर कार्यपालिकाको निर्णय बमोजिम प्रमाणिकरण गरिएको छ।
प्रमाणिकरण मिति: २०८१।६।१६

प्रसाद दास
प्र. प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| | स्थानीय शिक्षा सेवा | पाँचौ तहमा रहेकै कायम हुने | पाँचौ तहमा रहेकै कायम हुने | छैठौं | शिक्षा अधिकृत |
| | **अधिकृत सातौं तह बाट अधिकृत आठौं तहमा तह वृद्धि हुँदा** | | | | |
| | स्थानीय शिक्षा सेवा | सातौं तहमा रहेकै कायम हुने | सातौं तहमा रहेकै कायम हुने | आठौं | शिक्षा अधिकृत |
| | **अधिकृत नवौ तह बाट अधिकृत दशौं तहमा तह वृद्धि हुँदा** | | | | |
| | स्थानीय शिक्षा सेवा | आठौं तहमा रहेकै कायम हुने | आठौं तहमा रहेकै कायम हुने | दशौं | शिक्षा अधिकृत |
| स्थानीय/नेपाल स्वास्थ्य सेवा | **सहायक पाँचौ तह बाट अधिकृत छैठौं तहमा तह वृद्धि हुँदा** | | | | |
| | **सेवा** | **समूह** | **उपसमूह** | **तह** | **पदनाम** |
| | स्थानीय स्वास्थ्य सेवा | पाँचौ तहमा रहेकै कायम हुने | पाँचौ तहमा रहेकै कायम हुने | छैठौं | अधिकृत |
| | **अधिकृत सातौं तह बाट अधिकृत आठौं तहमा तह वृद्धि हुँदा** | | | | |
| | स्थानीय स्वास्थ्य सेवा | सातौं तहमा रहेकै कायम हुने | सातौं तहमा रहेकै कायम हुने | आठौं | अधिकृत |
| | **अधिकृत नवौ तह बाट अधिकृत दशौं तहमा तह वृद्धि हुँदा** | | | | |
| | स्थानीय स्वास्थ्य सेवा | आठौं तहमा रहेकै कायम हुने | आठौं तहमा रहेकै कायम हुने | दशौं | अधिकृत |

**१५. ज्येष्ठता गणना सम्बन्धी व्यवस्थाः** (१) तह वृद्धि/स्तर वृद्धि हुने कर्मचारहरुलाई ऐनको दफा २८ र दफा २९ को उपदफा ४ बमोजिम ज्येष्ठता कायम हुने छ।

**१६. उजुरी, गनुासो र पनुरावेदनः**(१) तहवृद्धि/स्तरवृद्धको निर्णय उपर चित्त नबुझेमा निर्णय सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र यस नगर कार्यपालिकामा उजुरी,गुनासो र पुनरावेदन गर्न सकिनेछ।

(२) उपदफा १ बमोजिम प्राप्त निवेदनका सम्बन्धमा नगर कार्यपालिकाले आबश्यक प्राप्त राय लिई अन्तिम निर्णय लिनेछ र उक्त निर्णय दुवै पक्षलाई मान्य हुनेछ।

**१७. जानकारी दिनुपर्नेः** (१) यस कार्यविधि बमोजिम नगरपालिकाले गरेको तह वृद्धि/स्तर वृद्धिको जानकारी तह वृद्धि/स्तर वृद्धिको निर्णय भएको मितिले १५ दिन भित्रमा मन्त्रालय, प्रदेश लोक सेवा आयोग, प्रदेश निजामति कितिबखाना, कर्मचारी सञ्चयकोष, को.ले.नि.का., नगरपालिकाको प्रशासन शाखा, नगरपालिकाको आर्थिक प्रशासन शाखा जानकारी गराउनु पर्नेछ।

(२) तहवृद्धि/स्तरवृद्धि भएका कर्मचारीहरुको विवरण स्थानीय राजपत्र र वेवसाईटमा समेत प्रकाशन गर्नुपर्नेछ।

नगर कार्यपालिकाको निर्णय बमोजिम प्रमाणिकरण मिति २०७९।६।२६

रामजित प्रसाद दास
नि. प्रमुख प्रशासकीय अधिकृत

बालेश्वर ... 
नगर प्रमुख

**१८. अभिलेख राख्ने सम्बन्धी ब्यवस्थाः** यस कार्यविधि बमोजिम तहवृद्धि/स्तरवृद्धि हुने कर्मचारीहरुका अभिलेख नगरपालिकाले दुरुस्त रुपमा राख्नु पर्नेछ साथै सरोकारवाला निकायहरुबाट माग भएको वखत तत्काल उपलब्ध गराउनु पर्नेछ।

**१९. कार्यविधिमा संशोधनः** यो कार्यविधि परिमार्जन गर्नु परेमा कार्यपालिकाले आवश्यक अनुसार संशोधन गर्न सक्नेछ।

**२०. बाधा अड्काउ फुकाउन सक्नेः** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा नगर कार्यपालिकाले आवश्य निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

**२१. प्रचलि कानून बमोजिम हुनेः** यो कार्यविधिमा लेखिएको कुराको हकमा सोही बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**२२. यस कार्यविधि बमोजिम भएको माननेः** यस कार्यविधिमा अन्यत्र जे सुकै कुरा लिखएको भएतापनि यो कार्यविधि जारि हुनु भन्दा अघि ऐनको दफा ८ को उपदफा २२ बमोजिम भए गरेका काम कार्यबाही समेत यसै कार्यविधि बमोजिम भएको मानिने छ।

**२२. बचाउ एवं खारेजी :** यो कार्यविधि को बचाउ तथा खारेजीको अधिकार यस धनुषाधाम नगरपालिकाको नगर कार्यपालिकामा निहित रहने छ।

नगर कार्यपालिकाको निर्णय बमोजिम प्रमाणीकरण गरिएको छ।
प्रमाणीकरण मिति : २०७९।८।२६

संजित प्रसाद दास
नि. प्रमुख प्रशासकीय अधिकृत

बालेश्वर दाहाल
नगर प्रमुख

अनुसूची – १
(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)
सूचना प्रकाशन

**विषयः तह वृद्धि/स्तर वृद्धि लागि निवेदन दर्ता गर्ने सम्बन्धी सूचना।**

मधेश प्रदेश, स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा २९ को उपदफा १ र २ बमोजिम तह वृद्धि/स्तर वृद्धिको लागि यस धनुषाधाम नगरपालिका नगर कार्यपालिकाको कार्यालय र यस अन्तर्गतका कार्यालयहरुमा कार्यरत योग्यता पुगेका कर्मचारीहरुले स्तरवृद्धिको लागि निवेदन साथ देहायका सम्पूर्ण कागजातहरुको प्रमाणीत प्रतिलिपी सहित यो सूचना प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र यस कार्यालको कर्मचारी प्रशासन शाखा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

देहायः

- "स्थानीय सेवाका कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधि २०८१" को अनुसूची – २ बमोजिमको निवेदन,
- स्थानीय स्वास्थ्य सेवा बाहेकको हकमा तह वृद्धि हुने तह भन्दा एक तह मुनीको पदमा तीन वर्ष सेवा अवधि पुगेको प्रमाण खुल्ने कागजात तथा आवश्यक शैक्षिक योग्यता (नियुक्ति पत्र, समायोजन पत्र, तह मिलान पत्र तथा सरुवा पत्र तथा रमाना पत्र तथा शैक्षिक प्रमाणपत्रको प्रामणित प्रतिलिपी)।
- पछिल्लो तीन आ.व. मा कार्यरत रहेको कार्यालयको नाम र ठेगाना।
- स्थानीय स्वास्थ्य सेवाको हकमा स्तर वृद्धि हुने तह भन्दा एक तह मुनीको पदमा पाँच वर्ष सेवा अवधि पुगेको प्रमाण खुल्ने कागजात तथा आवश्यक शैक्षिक योग्यता (नियुक्ति पत्र, समायोजन पत्र तथा सरुवा पत्र तथा रमाना पत्र तथा शैक्षिक प्रमाणपत्रको प्रामणित प्रतिलिपी)।

**बोधार्थः**

श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।

श्री प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।

श्री निजामति कितावखाना, हरिहरभवन, ललितपुर।

श्री प्रदेश निजामति किताबखाना, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।

श्री वडा कार्यालय सबै, धनुषाधाम नगरपालिका, धनुषाधाम, धनुषा।

नगर कार्यपालिकाको निर्णय बमोजिम
प्रमाणिकरण गरिएको छ
प्रमाणिकरण मिति : २०८१/६/२५

सौजित प्रसाद दास
नि. प्रमुख प्रशासकीय अधिकृत

बालेश्वर मण्डल
नगर प्रमुख

अनुसूची – २

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

तहवृद्धि आवेदन फारम

मितिः

निवेदकको फोटो

श्रीमान् संयोजक ज्यू,
तहवृद्धि/स्तरवृद्धि सिफारिस समिति,
धनुषाधाम नगरपालिका,
धनुषाधाम, धनुषा।

विषयः तह वृद्धि/स्तर वृद्धि गरि पाउँ।

प्रस्तुत विषयमा यस धनुषाधाम नगरपालिकाको तह वृद्धि सम्बन्धि मिति ............................... गतेको प्रकाशित सूचना बमोजिमको ................ सेवाको ............................पदको .............. तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिम देहाय बमोजिमको पदमा तह वृद्धि योग्य रहेको हुँदा तोकिए बमोजिमका कागजात संलग्न राखी निवेदन पेश गरेको छु।

**उम्मेदवारको विवरणः**

**१.उम्मेदवारको नामथर (देवनागरीमा):-**
**२.उम्मेदवारको नामथर (अंग्रेजी ठूलो अक्षरमा):-**
**३.कर्मचारी संकेत नं.:-**
**४.ठेगानाः-**
**५.सम्पर्क नं. :-**
**६.बाजे नामः-**
**७.बाबुको नामः-**
**८.आमाको नामः-**
**९.शुरु नियुक्ति मितिः-**
**१०. हालको पद/तहको नियुक्ति मिति/तहमिलान भएमा लागुभएको मितिः-**
**११. हालको पद र तहः-**
**१२. सेवा/समूह/उपसमूहः-**
**१३. हाल कार्यरत कार्यालयको नामः-**
**१४. स्तरवृद्धि हुन दावि गरिएको तहः-**

**कार्यरत पद सम्बन्धी विवरणः**

| सि.नं. | कार्यालयको नाम | सरुवा वा नियुक्ति वा बढुवा मिति वा तहमिलान लागुभएको मिति | हाजिर भएको मिति | हासिल गरेको उच्चतम शैक्षिक योग्यता | हाल पदमा बहाल रहेको मिति देखि मिति सम्म | कै. |
|---|---|---|---|---|---|---|
| १. | धनुषाधाम नगरपालिका, धनुषाधाम धनुषा | | | | | |

दर्ता नं. ..........
दर्ता मितिः.......................

.............
निवेदक
नाम/थरः
पदः
क.सं.नं.

**तहवृद्धि/स्तरवृद्धि लागि योग्य भए/नभएको अवस्थाः**

१. विभागीय कार्वाही भएको/नभएको ......., भएको भए कुन कारवाही भएको ...... र कारवाही सकिने अवधि ......
२. मधेश प्रदेश, स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा २९ बमोजिम तह वृद्धि/स्तर वृद्धि हुने पदका लागि चाहिने न्यूनतम शैक्षिक योग्यता हासिल गरेको/नगरेको।
३. असाधारण र अध्ययन विदा वसेको/नबसेको ..... बसेको भए अवधि .........
४. निलम्बनमा परे/नपरेको.....
५. नसिहत पाएको/नपाएको
६. बढुवा रोक्का भएको/नभएको
७. पेशासँग सम्बन्धित व्यवसायी परिषदको प्रमाण पत्रको अवधि......
८. माथी उल्लेखित विवरण ठिक छ।

**सेवा अवधि र कार्यसम्पादन मुल्याङ्कनको विवरण(कार्यालय प्रयोजनका लागि)**

१. आवेदक कर्मचारीले समायोजन हुनु पूर्व/समायोजन पश्चात/नियुक्ति पछि गरी हालको तहमा पुरा गरेको सेवा अवधी ...... वर्ष....... महिना...... दिन।

२. आवेदक कर्मचारीको पछिल्लो तीन वर्षको कार्यसम्पादन मुल्याङ्कन वापत प्राप्ताङ्क र सो को औषत (स्वास्थ्य सेवाका आवेदक कर्मचारीको पछिल्लो दुई वर्षको का.स.मु.)

१. आ.व. ................................ को प्राप्ताङ्क .......................
२. आ.व. ................................ को प्राप्ताङ्क .......................
३. आ.व. ................................ को प्राप्ताङ्क .......................

३. मधेश प्रदेश, स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा २९ तथा तहवृद्ध/स्तरवृद्धि कार्यविधि, २०८१ को दफा ८ को उपदफा १ बमोजिम न्यूनतम योग्यता र मापदण्ड पूरा गरेको देखिएकोले निजलाई ..... कार्यरत तहबाट सेवा.......................................समूह/उप समूहमा एक तहवृद्धि गर्ने निर्णय गरियो।

| | | |
|---|---|---|
| ............... | ............. | ............... |
| सदस्य | सदस्य | संयोजक |
| नाम/थरः | नाम/थरः | नाम/थरः |
| पदः | पदः | पदः |
| क.सं.नं. | क.सं.नं. | क.सं.नं. |

नगर कार्यपालिकाको निर्णय बमोजिम प्रमाणिकरण गरिएको छ। प्रमाणीकरण मिति २०८१/८/२६

संजित प्रसाद दास
नि. प्रमुख प्रशासकीय अधिकृत

आलोकचन्द्र मण्डल
प्रमुख

अनुसूची – ३

(दफा ११ को उपदफा (३) सँग सम्बन्धित)

तह वृद्धि/स्तर वृद्धि सम्बन्धी पत्र

विषय: तह वृद्धि र पदनाम सम्बन्धमा ।

महाशय,

तपाईलाई नगर कार्यपलिकाको मिति ......................... र तह वृद्धि/ स्तर वृद्धि सिफारिस समितिको मिति ......................... को निर्णय अनुसार स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ................................ बमोजिम मिति......................... देखि ज्येष्ठता कायम हुने गरी स्थानीय सेवामा तपसिल बमोजिम तह वृद्धि/स्तर वृद्धि गरीएको छ ।

तह वृद्धि हुनु भएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना छ ।

तपसिल

| कर्मचारीको हालको विवरण | कर्मचारीको तह वृद्धि भएको विवरण |
|---|---|
| पदः | पदः |
| तहः | तहः |
| सेवाः | सेवाः |
| समूहः | समूहः |
| नियुक्ति मितिः | ज्येष्ठता कायम मितिः |
| कार्यरत कार्यालय : | पदस्थापना गरिएको कार्यलय : |

नाम थरः ....................................... (कर्मचारी संकेत नं. ......)

ठेगाना :

...............................

संयोजक

तह वृद्धि/स्तर वृद्धि सिफारिस समिति

वा

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री मुख्य मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।

श्री लोक सेवा आयोग केन्द्रिय कार्यालय, काठमाडौं ।

श्री प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।

श्री राष्ट्रिय किताबखाना(निजामती), हरिहरभवन, ललितपुर ।

श्री प्रदेश निजामति किताबखाना, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।

श्री कर्मचारी संचयकोष, ठमेल, काठमाडौं ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौं ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, धनुषा ।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।

श्री जिल्ला प्रशासन कार्यालय, धनुषा ।

श्री आर्थिक प्रशासन शाखा, धनुषाधाम नगरपालिका ।

नगर कार्यपालिकाको निर्णयानुसार प्रमाणिकरण गरिएको छ
प्रमाणिकरण मिति २०८१।८।२६

अजित प्रसाद दास
प्रमुख प्रशासकीय अधिकृत